सूचना एवम् जन सम्पर्क विभागको वेबसाइट
www.ipr.sikkim.gov.in

# सिक्किम हेरल्ड

Postal Regd. No: WB/SKM/01/13

वर्ष ५३ गान्तोक, (शुक्रबार) २५ सितम्बर, २०२० अङ्क २६

## मणिपाल विश्वविद्यालयको २०औं दीक्षान्त समारोह सम्पन्न

गत २७ सेप्टेम्बरको दिन सिक्किम मणिपाल विश्वविद्यालयको २०औं दीक्षान्त समारोह सम्पन्न भयो। राज्यपाल एवं सिक्किम मणिपाल विश्वविद्यालयका कूलपति श्री गंगाप्रसादले समारोहमा अन्लाइनमार्फत अशग्रहण गर्नुभयो। उहाँले सबै विद्यार्थी, कर्मचारी अनि प्रबन्धन पक्षलाई २०औं दीक्षान्त समारोहको अवसरमा बधाई अनि शुभकामना दिनुभयो। कार्यक्रममा सिक्किम मणिपाल विश्वविद्यालयका उपकूलपति लेफ्टिनेण्ट जनरल ड. राजन एस.ग्रेवालले सिक्किम मणिपाल विश्वविद्यालय सिक्किम सरकार अनि मणिपाल पाइ फाउण्डेशनमाझको उच्च शिक्षामा पहिलो सफल पीपीपी मोडल हो भन्नुभयो। मणिपालले सिक्किम राज्य अनि पूर्वोत्तर क्षेत्रमा गुणस्तरीय शिक्षा अनि स्वास्थ्य हेरचाह क्षेत्रमा महत्वपूर्ण योग्दान दिएको कुरा उहाँले बताउँनुभयो।

दीक्षान्त समारोहमा एमबीबीएस, एमडी, एमएस, बी.टेक, एम.टेक. बीएससी नर्सीङ, बीएससी, फिजियोथेरापी, बायोटेक्नोलजी अनि बिजनेस, एड्मिनिस्ट्रेशन, बीसीए, एमसीए, एमएससी फिजिक्स, क्यामेस्ट्री, गणित तथा अन्य कोर्सहरुमा स्नातकहरु अनि स्नातकोत्तरहरुमा स्वर्ण अनि रजत पदक विजेताहरु घरमा सुरक्षित बसेर नै अनलाइनमार्फत अंशग्रहण गरेका थिए। उनीहरुलाई अन्लाइनमार्फत डिग्री अनि मेडलले सम्मानित गरियो।

## सिक्किम विधानसभाको दशौं सभाको तेस्रो सत्र सम्पन्न




कोभिड–१९ को कारण सिक्किम विधानसभाको दशौं सभाको सत्र एकै दिन मात्र सम्पन्न भयो। विधानसभा सत्रमा स्व.श्रीमती हेमलता छेत्री, सिक्किमकी पहिलो विधायकको गत १० जूनको दिन निधन भएकोमा शोक प्रकट गरियो। सभामा विधानसभा अध्यक्ष श्री एल.बी.दासले स्व.हेमलता छेत्रीबारे परिचय दिनुभयो। स्व.हेमलता छेत्री सन १९७४–७९ मा गेजिङ निर्वाचन क्षेत्रकी विधायक रहनुभएकी थिइन। राजनीति छोडेपछि पनि उहाँले सामाजिक सेवामा सक्रिया रुपमा रहनुभएकी थिइन। उहाँको समाजप्रतिको योग्दान सबैको निम्ति प्रेरणा हुने विधानसभा अध्यक्षले बताउँनुभयो। यस्तैप्रकार भारतको १३ औं राष्ट्रपति प्रणव मुखर्जीको निधनमा पनि सभामा शोक प्रकट गरियो। पूर्व राष्ट्रपतिको निधन राष्ट्रको निम्ति अपूरणीय क्षति रहेको अध्यक्षले बताउँनुभयो। उहाँको जीवनीबारे पनि सभामा प्रकाश पारियो। उल्लेख्य, गत ३१ अगस्तको दिन नयाँ दिल्लीको एक अस्पतालमा पूर्व राष्ट्रपति प्रणव मुखर्जीको निधन भएको थियो। स्व.हेमलता छेत्री अनि पूर्व राष्ट्रपतिको निधनप्रति मुख्यमन्त्री प्रेमसिंह तामाङले शोक प्रकट गर्नुभयो। यसरी नै मुख्यमन्त्रीले एसटीएनएम

*हल पृष्ठ ४ मा...*

## मुख्यमन्त्रीद्वारा गन्तव्य पूर्वोत्तर २०२० सम्मेलनमा अंशग्रहण




गत २७ सेप्टेम्बर २०२०–को दिन मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले गन्तव्य पूर्वोत्तर २०२० कार्यक्रममा लाइभ भिडियोमार्फत अंशग्रहण गर्नुभयो। पूर्वोत्तर क्षेत्रलाई देशको अन्य भागसम्म पुऱ्याउँदै राष्ट्रिय एकतालाई सुदृढ बनाउन नजिक ल्याउने ध्येयका साथ पूर्वोत्तर क्षेत्र विकास मन्त्रालयद्वारा वार्षिक रूपमा गन्तव्य पूर्वोत्तर कार्यक्रम आयोजन गरिन्छ। गन्तव्य पूर्वोत्तर २०२० को ध्येयवाक्य उदाउँदो रमणीय गन्तव्यहरू राखिएको छ, जसले पर्यटन क्षेत्रले गति लिन थालेपछि पर्यटन गन्तव्य अरू आकर्षक अनि शक्तिशाली बनेर उदाउने स्पष्ट छ। कार्यक्रम विशेष रूपमा पर्यटनमाथि केन्द्रित गरिएको छ, जुन संयोगवश २७ सेप्टेम्बरको दिन पालन गरिने विश्व पर्यटन दिवसमा परेको थियो। चारदिने कार्यक्रममा क्षेत्रका राज्यहरूमा अवस्थित पर्यटन गन्तव्यहरूको श्रव्य–दृश्य प्रस्तुतिका साथै राज्यका सफल साधक अनि दूतहरूको सन्देश, प्रतिष्ठित उद्यमीहरूसँग परिचयका साथै

*हल पृष्ठ ४ मा...*

## मुख्यमन्त्रीद्वारा स्टार्टअप स्कीमको शुभारम्भ




१८ सेप्टेम्बर, माननीय मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले आज सम्मान भवनमा कौशल युवा स्टार्ट–अप योजना शुरू गर्नुभयो। उक्त अवसरमा वाणिज्य र उद्योग विभागका माननीय मन्त्री श्री बी.एस.पन्त, मुख्यमन्त्रीका राजनीतिक सचिव, सल्लाहकारहरू, अध्यक्ष, मुख्य सचिव श्री एस. सी. गुप्ता, सचिव वाणिज्य र उद्योग विभाग श्री एच. के. शर्मा, महाप्रबन्धक आरबीआई गंगटोक, प्रमुख प्रबन्धक लीड बैंक, एमडी सिस्को बैंक, अधिकारी, कर्मचारी र लाभार्थी उपस्थित थिए।

राज्यका शिक्षित बेरोजगार युवाहरुलाई सशक्त बनाउन निर्माण, सेवा , व्यवसाय , सहकारी , को स्थापना गरेर स्वरोजगार बनाउने उद्देश्य लिएर उक्त योजना राज्य सरकारले शुरु गरिएको हो। कौशल विकास योजनाअन्तर्गत सरकारले गरीबी रेखा मुनिका लागि ५०% र अन्यको निम्ति ३० प्रतिशत ऋणमा छूट दर दिएको छ। यही छूट दरमा ऋण लिएर युवा उद्यमीहरु सशक्त बन्ने अवसर प्राप्त गर्नेछ।

यो योजना वाणिज्य र उद्योग विभागले जिल्ला उद्योग केन्द्र (डीआईसी) मार्फत कार्यान्वयन गर्नेछ। उत्तर र पूर्वी सिक्किममा आबद्ध आवेदकहरूको लागि डीआईसी (ई / एन), गान्तोक र डीआईसी (एस / डब्ल्यू) बाट आवेदन प्राप्त गर्न सकिन्छ। दक्षिण र पश्चिम सिक्किमको आवेदकहरूले विस्तृत आवेदन रिपोर्ट र अन्य प्रासंगिक कागजातहरूको साथसाथै गान्तोक र जोरथाङमा महाप्रबन्धकलाई सम्बोधन गरी आवेदन गर्नुपर्नेछ। स्टार्टअप योजनाको शुभारम्भ पश्चात कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै मुख्यमन्त्री प्रेमसिंह तामाङले कौशल युवा स्टार्ट अप योजना राज्य सरकारको प्रमुख कार्यक्रम हो, यो योजना राज्यका बेरोजगार युवाहरूलाई डेरी, कुखुरा र सुँगुर पालन, जैविक खेती, निर्माण क्षेत्र, परम्परागत काठ हस्तकला र हतकर्घा उद्योग, साहसिक पर्यटन ग्रामीण होमस्टे, आईटी, सिलाई बुनाइ, बेकरी र रेस्टुरेन्ट, ब्यूटी पार्लर, बुटीक पसल, जडिबुटी उत्पादन उद्योग सहित नर्सरीहरू, कागजको झोला / कागज प्लेटहरू, बाँस आधारित उद्योग (केन र बाँस), अटोमोबाइल वर्कशप ग्यारेज / कार स्पा, डायग्नोस्टिक केन्द्रहरू, फिल्म सम्बन्धित गतिविधिहरू र अन्य क्षेत्रमा उद्यमशीलता लिन सहयोग पुऱ्याउन लागि शुरू गरिएको हो भन्नुभयो। राज्यका युवाहरूलाई हर क्षेत्रमा सशक्त बनाउन सरकारले यो योजना शुरु गरेको बताउँनुभयो। उहाँले मुख्यमन्त्रीले नोडल विभागलाई लाभार्थीहरुलाई मार्गदर्शन र सूचना दिन समितिको गठन गर्न सुझाव दिए पनि

*हल पृष्ठ ३ मा...*

# नवनियुक्त सल्लाहकरगण, अध्यक्षगणलाई स्वागत



गत १७ सेप्टेम्बरको दिन मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले सम्मान भवनमा नवनियुक्त सल्लाहकहगण, अध्यक्षगणलाई स्वागत जनाउनुभयो। कार्यक्रममा विधानसभा उपाध्यक्ष श्री साङ्गे लेप्चा, माननीय मन्त्रीपरिषदका सदस्यगण, मुख्यमन्त्रीका राजनैतिक सचिव, विधायकगण, सल्लाहकारगण, अध्यक्षगण, अध्यक्ष, मुख्य सचिव श्री एस सी गुप्ता, गृह विभागका प्रधान सचिव आ.र तेलाङ मुख्यमन्त्रीका सचिव, अधिकारी र कर्मचारीको उपस्थिति रहेको थियो। मुख्यमन्त्रीले आफ्नो सम्बोधनमा राज्य सरकारका विभिन्न कार्यक्रम र नीति निर्धारण साथै अन्य कार्यक्रम कार्यन्वयनमा सल्लाहकार र अध्यक्षहरुको समान दायित्व र भूमिका हुन्छ भन्नुभयो। मुख्यमन्त्रीले राज्य र केन्द्र सरकारको कल्याणकारी योजना लगायत अन्य नीति अनि योजनाहरु ऋणमूलस्तरसम्म पुऱ्याउनको निम्ति पनि सल्लाहकर अनि अध्यक्षहरुको भूमिका अनि उत्तरदायी सर्वमान्य रहनेछ भन्नुभयो। राज्यमा समग्र विकास सुनिश्चित गर्न सबै सामूहिक रुपले काम गर्नुपर्ने कुरा पनि बताउँनुभयो। मुख्य सचिव श्री एस. सी. गुप्ताले आफ्नो सम्बोधनमा जीवन्त प्रजातन्त्रमा निर्वाचित र गैर निर्वाचित प्रतिनिधिहरूको महत्त्वबारे प्रकाश पार्नुहुँदै उनीहरुले जीवनमा प्राप्त गरेको अनुभवहरुको आधारमा नीतिगत निर्णयले राज्यको विकास र कल्याणमा सहयोग पुऱ्याउँछ भन्नुभयो।

# तेस्रो पोषण मास- कुपोषण विरूद्ध व्यापक पहल

अभिशेख दयाल, निर्देशक, पीआईबी इम्फाल

कोभिड-१९ महामारीको बढ्दो प्रकोपका साथै टाट पल्टिने स्थितिमा पुगेको अर्थनीतिको पृष्ठभूमिमा देशव्यापी तेस्रो राष्ट्रिय पोषण माह पालन गरिँदैछ। यो विकट परिस्थितिमा देशका अनेकौ ठाउँमा कुपोषणको अविराम तथा दुरूह समस्या, विशेषगरी महिला र बाल-बच्चाहरूमा अझ पनि विकारल सत्य रहेको पाइन्छ।

वर्ष २०१८ मा प्रधानमन्त्री नरेन्द्र मोदीद्वारा स्थानीय प्रशासनसहित पञ्चायतहरूको तत्परतामा समयबद्ध तरिकाले ठोस कदम उठाउँदै जनजागरूकता फैलाउँदै यस समस्यालाई सम्बोधित गर्न पोषण अभियान शुभराम्भ गरिएको थियो। यसै अभियानको अंशको रूपमा पोषण माह जनभागीदारी बढ़ाउने ध्येयका साथ सालेनी सेप्टेम्बर महिनामा पालन गरिन्छ।

प्रधानमन्त्रीको यो कार्यक्रमप्रतिको प्रतिबद्धता अद्धितीय छ। यस वर्षको अभियान सामाजिक सञ्जालमा शुभराम्भ गर्दै प्रधानमन्त्रीले समृद्ध राष्ट्र निर्माणका लागि समुचित पोषण महत्वपूर्ण छ। पोषण माह २०२० शुरू भइसकेको छ। कुपोषण निर्मूल गर्न देशव्यापी रूपमा जनजागरूकता फैलाउन सबै मानिससम्म पुग्ने कोशिश गरौं। यसले हाम्रा नारी र युवा शक्तिलाई सहयोग गर्नेछ भनी ट्वीट् गरेका थिए। यसका साथै उनले पोषण माह परिवार प्रतियोगिका पनि शुरू गरे।

हामी लोकल ४ पोषण बनौं। हाम्रो देश दर्जनौ स्वास्थ भोजन परिकारको स्थल हो, जसमा धेरै पोषण हुने गर्दछ। त्यस्ता परिकार त्यार गर्ने विधि विशेष रूपमा रचना गरिएको (mygovinda) मा साझा गर्नुहवस्। तपाईका परिवारको परिकारले स्वस्थ भारतका साथै पोषणमा योगदान दिनसक्ने उनले ट्वीट् गरेका थिए।

यसअघि आफ्नो मन की बात कार्यक्रम ३० अगस्त २०२०को दिन प्रधानमन्त्री आफ्नो - क्षमता प्राप्त गर्न कसरी पोषणले बालक-वालिका साथै विद्यार्थीहरूलाई सहयोग गरिरहेको छ भन्ने कुरामाथि ध्यान आकर्षित गराएका थिए। विगत केही वर्षको अवधिमा विशेषगरी गाउँ- घरतिर पोषण साता तथा पोषण माहमा जनसहभागिताले पोषण जागरूकतालाई पोषण अभियानमा परिणत गर्न चलिएका कदमहरूबारे पनि उनले प्रकाश पारे।

पोषण माह-२०२०

गम्भीर रूपमा कुपोषित(एसएएम) बालक-बालिकाहरूको पहिचान तथा उनीहरूको प्रबन्धनका साथै पोषण वाटिकाहरूको स्थापना पोषण माहको केन्द्रित गतिविधि रहनेछ भने यसका अतिरिक्त शुरूआतमै स्तनपान, प्रथम एक हजार दिनसम्म राम्रो पोषणको आवश्यकता तथा किशोरीहरूका साथै बालक-बालिकाहरूमा रक्तहीनताता सम्बन्धमा जागरूकता फैलाउने गतिविधि सञ्चालित गरिनेछ।

यस अभियानमा सबै हितधारक मन्त्रालयले आफ्नो केन्द्रित क्षेत्र निर्धारित गरेका छन्। उदाहरणका लागि, शिक्षा मन्त्रालयले सबै राज्यलाई पोषणका सम्बन्धमा विद्यार्थीहरूबीच ई- हाजिरी जवाब तथा मीम बनाउने प्रतियोगिता आयोजित गर्न निर्देशित गरेको छ। यसै गरी पञ्यातीराज मन्त्रालयले प्रत्येक ग्राम पञ्चायतमा महिनाभरि विशेष समितिको बैठक आयोजन गर्न निर्देशित गरेको छ। ग्रामीण विकास मन्त्रालयले सबै राज्यलाई एमजीनरेगाको सहयोगमा पोषण वाटिका प्रोत्साहित गर्न निर्देश दिएको छ।

**पोषण ड्यासबोर्ड**

पोषण अभियानको प्रत्यक्ष प्रसारित ड्यासबोर्ड छ, जसमा वास्तविक समयमा विभिन्न राज्य र जिल्लाको यस अभियानमा सहभागिता दर्शाइन्छ। यसमा उल्लिखित प्रमुख शीर्षकहरूमा समग्र पोषण, स्तनपान, अनुपूरक पोषण, टीकारण, विकासको निगरानी, सूक्ष्म पोषण,झाडा-पखाला, स्वच्छता, पानी तथा स्वच्छता रक्तहीनता, बिवाहको उमेर, गर्भावस्थामा स्वास्थ जाँच, खानपान तथा वयस्क शिक्षा सूचीबद्ध गरिएका छन्।

ध्यानकेन्द्रित गरिने विषयहरूको सूचीअनुसार यसले देशको ठूलो जामतमा कमसल पोषण स्थितिलाई लक्षित गरेको स्पष्ट हुँदछ। गरिबी प्रमुख कारक भए तापनि समस्या यस सितमात्र सम्बन्धित नभएर सही पोषण समाजमा महिलाको स्थिति तथा सम्बन्धित विषय जस्तै विवाहको उमेर, स्वाच्छता तथा सर सफाइबारे जागरूकताको कमी पनि यसका कारक हुन्।

यस अभियानको ड्यासबोर्डमा देशका विभिन्न राज्यद्वारा सहभागितीको स्थिति निक्यौंल पूर्वोत्तरका राज्यहरू औसतभन्दा तलका वर्गमा छन्। यसमा अहिलेसम्म असमबाट ७५ हजार, अरूणाचलबाट ४ हजार ,मेघालयवाट ३० हजार, नागाल्याण्डबाट ४ हजार ७ सय ५० र मिजोरामबाट केवल हजारले सहभागिता जनाएको देखिन्छ। मणिपूरले १ लाख ४४ हजार सहभागिताका साथ केही नाक राखेको छ। समग्रमा यस स्तरको सहभागिताले यी राज्यका जनमानसबीच अरू बढी जागरूकता फैलाउन आवश्यक रहेको देखिन्छ। यस परिप्रक्ष्यमा उत्कृष्ट प्रदर्शनी गर्ने राज्यहरूमा १ करोड १७ लाखको

*हल पृष्ठ ३ मा...*

# मुख्यमन्त्रीद्वारा राष्ट्रिय पोषण माह-को अवसरमा राज्यवासीलाई सन्देश

मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले राष्ट्रिय पोषण माह-को अवसरमा राज्यवासीलाई सन्देश दिनुभएको छ। उहाँले जनताको सहभागितामा जन आन्दोलनमार्फत पोषण सम्बन्धी चुनौतिहरूलाई सम्बोधन गर्न सितम्बर महिनाव्यापी रूपमा देशभरि - राष्ट्रिय पोषण माह- पालन गरिन्छ भन्ने कुरा राज्यको नागरिकलाई बताउन पाउँदा ठूलो आनन्द अनुभूति भएको सन्देशमा उल्लेख गर्नुभएको छ।

मुख्यमन्त्रीले भन्नुभयो, पोषण अभियानले सामाजिक न्याय र कल्याण विभाग, स्वास्थ्य र परिवार कल्याण, ग्रामीण विकास विभाग, मानव संसाधन विकास आदिका विभिन्न खाद्य र पोषण सम्बन्धि योजनाहरुलाई सुनिश्चित गरी पोषण र अन्य सम्बन्धित समस्याहरूको स्तर घटाउने लक्ष्य राख्दछ। एक महिना लामो उत्सवको उद्देश्य भनेको पोषणको महत्तवबारे मानिसहरूलाई सचेत गराउनु र सबै नागरिकहरू विशेष गरी नानीहरू, गर्भवती महिला र स्तनपान गराउने आमाहरूको जीवन विकास र कल्याणको लागि सहयोगका लागि सरकारी सेवा पुऱ्याउनु रहेको बताउनुभयो। पोषण अभियान(राष्ट्रिय पोषण मिशन) को आधारभूत उद्देश्य नवजात शिशुदेखि ६ वर्षसम्मका नानीहरू, किशोर, किशोरीहरू, गर्भवती महिला र स्तनपान गराउने आमाहरूको पोषण स्थितिमा सुधार ल्याउनु हो। प्रत्येक परिवारलाई प्रत्येक समय ताजा, पोष्टिक अनि जैविक सब्जीहरू सहजताका साथ पुगोस् भन्ने उद्देश्यले सबै आँगनवाड़ी केन्द्रहरू, सामुदायिक स्थान निजी आवासमा न्युट्री-गार्डनलाई प्रोत्साहित गर्नमा ध्यान केन्द्रित गरिरहेको मुख्यमन्त्रीले जनाउनुभयो। मुख्यमन्त्रीले यस पोषण माह-२०२०को अवसरमा सबै घरहरूमा नानीहरूको पोषणको महत्व पुगोस् अनि पोषण र भोजनको कमीबाट मुक्त समाज निर्माण गर्न सकौं भन्ने सन्देश दिनुभएको छ।

# गन्तव्य पूर्वोत्तरको निम्ति शीर्षक गीत तथा प्रतीक चिन्हको लोकार्पण

गान्तोक, २२ सेप्टेम्बर, २०२०। पूर्वोत्तर परिषद् (एनईसी), भारतीय सांस्कृतिक सम्पर्क परिषद् (आइसीसीआर) तथा पूर्वोत्तर क्षेत्र सामुदायिक संसाधन प्रबन्धन परियोजनाको (एनईआरसीओआरएमपी) संयुक्त तत्वावधानमा सालेनी आयोजन गरिने गन्तव्य पूर्वोत्तरको निम्ति शीर्षक गीत तथा प्रतीक चिन्हको लोकार्पण २१ सेप्टेम्बरको दिन परोक्ष मञ्चको माध्यमद्वारा पूर्वोत्तर परिषद् सचिवालयमा गरियो। यस अवसरमा भारत सरकारको पूर्वोत्तर क्षेत्र विकास विभागका (डोनर) राज्य मन्त्री (स्वतन्त्र प्रभार) डा. जितेन्द्र सिंह, डोनरका सचिव इन्दरजित सिंह, एनईसीका माननीय सदस्य प्रो. विमानकुमार दत्त, एयर मार्शल एञ्जनकुमार गोगोई, एनईसीका सचिव मोजेस के चलाई तथा एनईसी एवं एनईआरसीओआरएमपीका अन्य अधिकारीगण उपस्थित थिए।

यस अवसरलाई सम्बोधित गर्दै मन्त्री डा. जितेन्द्र सिंहले वर्ष २०१४ तिर सबैले पूर्वोत्तरको निम्ति केही गर्नुपर्ने ताकि देश यस क्षेत्रसँग नजिक आउनसकोस् भन्ने सोचिरहेको बेला पूर्वोत्तरलाई भारतको विभिन्न भागका जनमानसलाई यहाँको सांस्कृतिक धरोहर, संसाधन, उद्यमशीलता क्षमताका साथै यहाँको उल्लेखनीय प्राकृतिक सौन्दर्यको नजिक पुऱ्याउने ध्येयका साथ पूर्वोत्तरलाई रहल भारतको नजिक लैजाने निर्णय वर्तमान सरकारले लिएको बताए।

गन्तव्य पूर्वोत्तर २०१९ गत वर्ष बनारसमा चार दिनसम्म आयोजित गरिएको र त्यसको सराहना गर्दै यसलाई अझ विस्तार गर्न जनमानसले माग गरेको पनि उनले उल्लेख गरे। गत वर्षको शीर्षक गङ्गा किनारामा ब्रह्मपुत्रको उत्सव रहेको थियो।

हालमा महामारीको कारण कार्यक्रमलाई परोक्ष रूपमा शुरु गरिने उल्लेख गर्दै केन्द्रिय गृह मन्त्रीले २७ सेप्टेम्बरको दिन परोक्ष रूपमा यसको उद्घाटन गर्ने र ३९ सेप्टेम्बरको दिन समापन समारोहमा केन्द्रिय मन्त्री रमेश्वर तेली र किरण रिजिजू उपस्थित रहने पनि डा. सिंहले जानकारी दिए। कोभिडबाट पूर्वोत्तर अन्यको तुलनामा कम प्रभावित बनेको हुँदाँ यस महामारीपछिको स्थितिमा पूर्वोत्तरसँग प्रस्तुत गर्ने धेरै कुरा रहने र आफ्नो छुट्टी बिताउन युरोपतिर जाने पर्यटकहरूको निम्ति यो सुनौलो गन्तव्य बन्नजाने पनि डा. सिंहले उल्लेख गरे।

यस अवसरमा बोल्दै एनईसीका सचिव मोजेस के चलाईले एनईसीको तालिकामा यस कार्यक्रमले उच्च महत्त्व राख्ने भए तापनि वर्तमान परिस्थितिको कारण परोक्ष मञ्चको सहायता लिनुपरेको बताए। तथापि, प्रविधिको सहयोगमा देश अनि विदेशसम्म यसलाई व्यापक रूपमा पुऱ्याउने आशा गरिएको उनले आशय व्यक्त गरे। (पीआइबी)




# मन्त्रीपरिषद्को बैठकमा विभिन्न प्रस्तावहरु पारित

गत १६ सेप्टेम्बर २०२० को दिन टाशीलिङ सचिवालयमा मन्त्रीपरिषद्को बैठक बसियो। बैठकमा मन्त्रीपरिषद्ले विद्युत एवं ऊर्जा विभागअतर्गत वित्त वर्ष २०२०–२०१२ को लागि सिक्किम राज्य विद्युत नियामक आयोग (एसएसईआरसी) लाई अनुदान सहयोगको रूपमा २२२.४२ लाख अनुमोदन गरियो भने खाद्य एवं नागरिक आपूर्ति विभागअन्तर्गत राष्ट्रिय खाद्य सुरक्षा ऐन (एनएफएसए) अन्तर्गत राज्य घटकको रूपमा यातायात, खाद्यान्नको आवागमन र उचित मूल्य पसल व्यापारी सीमान्त २०२०–२१ को निम्ति २,२८,००,०००/– (दुई करोड २८ लाख) अनुमोदन गरियो। यस्तैप्रकारले शिक्षा विभागअतर्गत दक्षिण सिक्किमको अप्पर तारनिम प्राथमिक पाठशालाको नाम परिवर्तन गरी अप्पर तिन्कीताम प्राथमिक पाठशाला अनि पूर्व जिल्लको मार्तम माध्यमिक पाठशालालाई नजीताम माध्यमिक पाठशालाको रुपमा नाम परिवर्तन गरियो। यस अतिरिक्त राष्ट्रिय उच्चतर शिक्षा अभियान (रुसा) २.० को पूर्वाधार अनुदान घटकअन्तर्गत राज्यका पाँच महाविद्यालयलाई केन्द्रीय अंशको प्रथम किस्तीको रूपमा ४,५०,००,०००/– (४ करोड ५० लाख) को वित्तीय अनुदान अनुमोदन गरियो। वर्ष २०११–१२ को निम्ति अल्पसङ्ख्यक अनि मदरसालाई शिक्षा प्रदान(एसपीईएमएम)अन्तर्गत नीजि सहायत प्रापक अनि सहायता प्राप्त नगरेका ५ वटा विद्यालयलाई वित्तीय अनुदानस्वरुप ५१.६२ लाख मञ्जूरी प्रदान गरियो। यस अतिरिक्त सिक्किम इन्स्टीट्यूट अफ् हायर निङ्मा स्टुडीज(एसएचईडीए)मा अध्ययनरत विद्यार्थीहरुलाई स्टेफिन्ड प्रदान गर्न रू २५,६७,००० प्रशासनकि अनुमोदन गरियो। सोही विभागअन्तर्गत ओपन स्कूलिङ एण्ड स्कील एड्युकेशनको निम्ति बोर्ड स्थापना गर्ने मञ्जूरी प्रदान गर्नका साथै आगामी सिक्किम विधानसभामा कञ्चनजङ्घा बुद्धीस्ट युनिभर्सिटीको विधेयक पेश गर्ने निर्णय पनि लिइयो।

सिक्किम विश्वविद्यालयसँग सम्बद्ध सिक्किम राज्य सरकारी कलेजहरू अन्तर्गत स्नातक विद्यार्थीहरूको परीक्षा शुल्कको रूपमा ५१,५७,१००/– (५१ लाख, ५७ हजार अनि एक सय) को वित्तीय स्वीकृति प्रदान गरियो। मन्त्रीपरिषद्ले वागवाणी विभागअन्तर्गत एचएमएनईएचअन्तर्गत कार्यक्रम कार्यन्वयनको निम्ति रू २७५.३८ लाख को राज्यंश अनि रू २४८२.०१ लाख गरी कूल २७५७.७८ लाख वित्तीय अनुदान अनुमोदन गरियो। भारत सरकारको कृषि र किसान कल्याण मन्त्रालयबाट रकम जारी भएपछि साना किसान कृषि व्यवसाय कन्सोर्टियम (एसएफएसी) को खातामा पनि यही स्थानान्तरण गर्न अनुमोदन गर्न पनि आग्रह गरिएको छ। कौशल विकास विभागअन्तर्गत दक्षिण सिक्किमको राज्य क्षमता विकास संस्थानमा(एसआईबी)कर्फेकटारमा दीन दयाल उपाध्याय ग्रामीण कौशल्य योजना(डीडीयू–जीकवाई) कार्यन्वयनको निम्ति केन्द्रिय अंश निस्तारको निम्ति रू.१५,६६,९०,०००/– ( १५ करोड ६६ लाख ९०,०००) वित्तीय अनुदान अनुमोदन गरियो। यस्तैप्रकारले पर्यटन एवं नागरिक उड्यान विभागअन्तर्गत दक्षिण सिक्किमको चेम्चेमा अवस्थित इण्डियन हिमालय सेन्टर फर एड्भेन्चर एण्ड इको टुरीज्मलाई अनुदान सहयोगको रुपमा.३८,२४,१०२ (३८ लाख, २४ हजार एक सय दुई) अनुमोदन गरियो। सडक एवं पूल विभागअन्तर्गत पूर्व सिक्किमको अदमपूलदेखि राङकासिच्चे सडकसम्म दुईमार्गी राजमार्ग निर्माणको निम्ति RIDF-XXV अनि राज्य योजनाबाट२४२८.०० को पुन मञ्जूरीसितै रू .३८४६.०० लाख को वित्तीय मञ्जूरी प्रदान गरियो। यस्तैप्रकारले गृह विभागअन्तर्गत नयाँ धार्मिक संरचनाहरूको निर्माण तथा सार्वजनिक स्थानमा धार्मिक प्रकृतिको अनधिकृत निर्माणको हटाउने / पुनःस्थापना/ नियमित गर्ने सम्बन्धमा प्रतिबन्धको नीतिलाई अनुमोदन गरियो। नयाँ दिल्ली हाउज खासस्थित सिक्किम हाउस मरम्मतीको निम्ति प्रशासनिक मञ्जूरी रू २८२.४१ लाख अनि रू.२००.०० को वित्तीय मञ्जूरी प्रदान गरियो।

यस्तैप्रकारले शहरी विकास विभागअन्तर्गत कायाकल्प अनि शहरी रुपान्तरण(एमएमआरयूटी)को निम्ति अटल मिशनअन्तर्गत स्थानीय क्षेत्र योजनाको रू २००.०० लाखको प्रशासनिक स्वीकृति अनि रू ४०.०० लाखको वित्तीय स्वीकृति प्रदान गरियो। वित्त विभागअन्तर्गत२०२०–२१ को ३४ वटा अनुदानहरुको रू४५१२३.६३ अनुमोदन गरियो। सिक्किम गुड्स एण्ड सर्विस ट्याक्स(संशोधन विधेयक २०२०) लाई संशोधन गरी सिक्किम गुड्स एण्ड सर्विस ट्याक्स एक्ट २०१७ अनुमोदन गरियो। ग्रामीण विकास विभागअन्तर्गत पूर्व सिक्किमको नारे खोलामाथि ३० मिटर लामो स्टील पूल निर्माणको निम्ति अतिरिक्त वित्तीय अनुमोदन रू ६७,४४,७३१ अनुमोदन गरियो। पूर्व सिक्किमको देउरीलस्थित जीएमसी कार्यलयमा राज्य पञ्चायत अनुसन्धान केन्द्र निर्माणको निम्ति रू २.१७ करोड को प्रशासनिक मञ्जूरी साथै रू ९२.१० लाखको वित्तीय मञ्जूरी प्रदान गरियो। सामाजिक न्याय विभागअन्तर्गत सिक्किम पछौटे वर्ग राज्य आयोगलाई वित्त वर्ष २०२०–२१ को निम्ति अनुदान राशि स्वरुप पछौटे वर्ग (एससीबीसी) को आर्थिक वर्ष २०२०–२१ को अनुदान सहायताको रूपमा प्रशासनिक अनुमोदन स्वरुप रु ९७.५४ लाख आर्थिक स्वीकृति अनुमोदन गरियो। यस्तै प्रकारले शहरी विकास विभाग निम्नलिखित प्रावधान सहित सिक्किम नगरपालिका संशोधन विधेयक, २०२० लाई अनुमोदन

१. नगरपालिकाको निर्वाचन स्थगित गर्न ऐनमा नयाँ प्रावधान राखी तोकिएको अवधि भन्दा बढि एक पटकमा ६ महिना भन्दा बढीको अवधि नहुनुपर्ने साथै कुनै पनि अवस्थामा निर्धारित मिति भन्दा बढीको एक बर्षमा म्याद थप नहुने।

२ नगरपालिका ऐनको धारा राखी गैर राजनैतिक दलको आधारमा नगरपालिकाको चुनाव सञ्चालन हुनुपर्ने।

भवन र आवास विभागअन्तर्गत दक्षिण जिल्ला नाम्चीको १०० पलङ्गयुक्त अस्पताललाई मरम्मत अनि बढोत्तरी गरी ३०० पलङ्युक्त बहुविशिष्ट अस्पताल बनाउनको निम्ति मेसर्स सिभिल इन्जिनियर्स एन्टरप्राइजेज प्रा.लि., कोलकाताको पक्षमा कार्य आदेशको पूर्वसूचनालाई प्रशासनिक स्वीकृति प्रदान गरियो। यस्तैप्रकारले वन एवं पर्यावरण विभागअन्तर्गत राष्ट्रिय पशुधन अभियान योजनाको एमएच–३६०१अन्तर्गत उत्तर सिक्किममा डेभलप्मेन्ट अफ् ग्रास रिसर्व एण्ड मेनेजमेन्ट एक्शन प्लान कार्यन्वयनको निम्ति रू १,५५,०००००. अनुमोदन गरियो। यस्तैप्रकारले शहरी विकास विभागअन्तर्गत सिक्किम शहरी गरीब आवास योजना (पहिलो चरण) को कार्यान्वयनका लागि प्रशासनिक स्वीकृति १३०५०.५४ लाखको अनुमोदन पनि गरियो। यसरी नै १५ औं वित्त आयोगले सिफारिस गरे अनुसार प्रशासनिक शहरी स्थानीय निकायमा अनुदानको रूपमा हस्तान्तरणको निम्ति २० करोड अनुमोदन गरियो। मन्त्री परिषद्ले श्रम विभाग, सडक एवं पूल विभागअन्तर्गत विभिन्न प्रस्तावहरु पनि सर्वसम्मतिले पारित गरियो।

# आत्मनिर्भर कृषि समुदाय विकास गर्न कृषि तथा सम्बन्धित क्षेत्रको भूमिकाबारे वेबिनार

गान्तोक, २६ सेप्टेम्बर, २०२०। भारत सरकारको सूचना एवं प्रसारण मन्त्रालय अन्तर्गत क्षेत्रीय लोकसम्पर्क कार्यालय, सिलगढीद्वारा आज आयोजित वेबिनारमा कृषि समुदायका लागि चुनौती अनि अवसरहरू केन्द्रिय विषयवस्तु रहेको थियो। आइसीएआर, मोहिनतनगर, जलपाइगढी, केभीके, डब्लुबीयुएएफएस–रामसाई, जलपाइगढी तथा नाबार्ड जलपाइगढीद्वारा विभिन्न सङ्गठन जस्तै कृषि अग्रगोनि, दिशा तथा जलपाइगढी अनि सिलगढीका कृषक समुदायको सहभागितामा आत्मनिर्भर कृषि समुदाय विकसित गर्न कृषि एवं सम्बन्धित क्षेत्रको भूमिका विषयमा वेबिनार आयोजन गरिएको थियो।

वेबिनारमा प्रतिभागीहरूलाई स्वागत जनाउँदै पीआइबी कोलकाता तथा आरओबी सिलगढीकी एडीजी सुश्री जेन नाम्चूले स्रोतवक्ताहरूको सहयोगमा कृषक समुदाय धैरै लाभान्वित बन्ने र उनीहरूले विभिन्न योजना अनि कार्यक्रमबारे विशेषज्ञहरूसँग अन्तरक्रिया गर्नसक्ने बताइन्।

आइसीएआर, मोहितनगर, जलपाइगढीका प्रमुख वैज्ञानिक डा. अरुणकुमार सितले आफ्नो सम्बोधनमा नियोजित तरिकाले खेती नगरे धैरै गाह्रो पर्ने र कृषकहरूले पनि धैरै समस्या झेल्नुपर्ने कुरा बताए। यसका साथै योजनाबिना गरेको खेतीबाट कुनै फाइदा कमाउन नसकिने उल्लेख गर्दै लकडाउनपछि कृषकहरूले जडीबुटीको पनि खेती गर्ने दिशामा चासो देखाउन थालेको बताए। कागतीका साथै फल–फूलको खेती गरे कृषकहरूले धैरै फाइदा कमाउन सक्ने कारण यी वस्तुहरूको हालमा माग धैरै बढेर गएको उनले उल्लेख गरे।

केभीके, रामसाई, जलपाइगढीका वरिष्ठ वैज्ञानिक एवं प्रभारी डा. विपलव दासले यस अवसरमा आफ्नो वक्तव्य राख्दै पर्यावरणमैत्री प्रबन्धन तथा एकिकृत खेती विधिद्वारा कृषकहरूले धैरै फाइदा कमाउन सक्ने बताए। खेतबारीमा उपलब्ध ठाउँको सदुपयोग गरी दैनन्दिन आवश्यकताहरू पूरा गर्नका अतिरिक्त नाफा पनि कमाउन सक्ने बताए। राष्ट्रिय आपदा घोषित यस महामारीको समयमा ग्रामीण इलाकाका जनमानसले आफ्नो जमीनको नभएको स्थितिमा खाद्य सुरक्षाको समस्या झेलिरहेको उनले उल्लेख गरे। कृषकहरूले अब बजारको माग अनुसार धान वा साग–सब्जीको खेती गर्नुपर्ने नत्र धैरै घाटा हुनवे उल्लेख गर्दै कृषकहरू चतुर बन्दै आधिनिक सुविधाका साथमा आधुनिक प्रविधि पनि खेतीका लागि अप्नाउनुपर्ने उनले आह्वान गरे।

नाबार्ड, जलपाइगढीका एजीएम एसके जेनाले कृषक उत्पादक सङ्गठनको भूमिकाबारे बोल्दै पश्चिम बङ्गालमा करिब ६० लाख हेक्टर जमीनमा धान, चार लाख हेकर्टरमा आलु तथा सात लाख हेक्टरमा तोरीको खेती गरिरहेको जानकारी दिए। आत्मनिर्भर बन्नका लागि हाम्रा कृषकहरूले खेती गर्ने तरिका परिवर्तन गर्दै बजारको मागतर्फ ध्यान दिन आवश्यक रहेको उनले बताए। शुरुदेखि नै कृषकहरूका लागि बेच–बिखनको व्यवस्था ठूलो चुनौती रहेको र यो आजसम्म जारी रहेको बताउँदै कृषकहरूले आफ्नो साथै समुदायको आर्थिक तथा सामाजिक स्थितिमा सुधार ल्याउने उद्देश्यका साथ कृषक सङ्गठन अनि सामूहिक स्वयंसहायता समूह गठन गर्न आवश्यक रहेको पनि उनले बताए।

अधिकांश सरकारी साथै गैर सरकारी सङ्गठनले कृषकहरूलाई सङ्गठित गर्दै ग्रामीण विकास, कृषि तथा सम्बन्धित क्षेत्रको विकासमा सम्मिलित गराउने कोशिश गरिरहेको पनि उनले बताए। अधिकांश सहकारी संस्थान अनि समिति विविध उत्पाद अनि सेवा प्रदान गरी बजारमा आफ्नो अंश सुनिश्चित गर्न आर्थिक रूपमा सबल नरहेको र यो सहकारीको निम्ति ठूलो चुनौती रहेको बताए। यसका साथै कृषकहरूले थोकको भाउमा रासायनिक मलको प्रयोग गरी खेतीको लागत बढाउने गरेको पनि उनले उल्लेख गरे। यस अवसरमा प्रतिभागीहरूले स्रोतवक्ता अनि विशेषज्ञहरूसँग अन्तरक्रिया पनि गरे।

कार्यक्रमको अन्त्य क्षेत्रीय लोक सम्पर्क कार्यालय, जलपाइगढीका प्रभारी प्रेम शेर्पाको धन्यवाद ज्ञापनसँग गरियो जहाँ उनले कृषकहरूलाई आधुनिक प्रविधिका साथै राम्रो आमदानीका लागि एकिकृत कृषि विधि अप्नाउन आह्वान जनाए। (पीआइबी)

### मुख्यमन्त्रीद्वारा स्टार्टअप.......

दिनुभयो। मुख्यन्त्रीले दुग्ध, कुखुरा, सुँगुर पालन र अन्य क्षेत्रहरुमा धैरै अवसर रहेको री यी क्षेत्रहरुलाई अप्नाएर युवाहरु सामाजिक–आर्थिक रुपमा सशक्त भइ आर्थिक विकासमा सहयोग पुग्ने आशा पनि व्यक्त गर्नुभयो। उहाँले यो आत्मनिर्भर भारत र आत्मनिर्भर सिक्किम निर्माणको मुख्य तरिका हो भन्नुभयो। कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै वाणिज्य र उद्योग विभागका माननीय मंत्री, श्री. बी. एस. पन्थले राज्यका बेरोजगार युवाहरूका लागि यस योजना अन्तर्गत विस्तृत अवसरहरू प्रकाश पार्नुभयो। उहाँले उक्त योजनाले राज्यका शिक्षित बेरोजगार युवाहरुलाई उद्यमी बन्न प्रोत्साहन गर्ने कुरा बताउँनुभयो। वाणिज्य र उद्योग विभाग श्री एच. के. शर्माले आफ्नो स्वागत भाषणमा राज्यका बेरोजगार युवाहरूको विशाल क्षेत्रका लागि उद्यमी योजना स्किल युथ स्टार्टअप योजनाको बारेमा प्रकाश पार्नुभयो। उहाँले योग्यता मापदण्ड, योजना अन्तर्गत पर्ने परियोजनाहरू र यसको कार्यान्वयन प्रक्रियाहरूको बारेमा पनि जानकारी गराउँनुभयो।

उक्त अवसरमा माननीय मुख्यमन्त्री तथा अन्य प्रतिष्ठित व्यक्तिले योजना पुस्तिका प्रकाशित गर्नुभयो।

### तेस्रो पोषण मास..

सङ्ख्याका साथ तामिलनाडु अग्रणी राज्य रहेको छ भने ६० लाखको सङ्ख्याका साथ उत्त प्रदेश दोस्रो स्थानमा छ। पूर्वोत्तरका राज्यहरूको जनसङ्ख्या तुलनात्मक रूपमा कम भए तापनि जनताबीच यो अभियानको उद्देश्यबारे जागरूकता फैलाउने अवसर अझ धैरै छ।

स्थापना गरिएको कोठेबारीको सङ्ख्या उक्त ड्यासबोर्डमा अर्को मानक राखिएको छ। यस सम्बन्धमा अधिकांश पूर्वोत्तर राज्यले उल्लेखनीय प्रदर्शनी गर्न बाँकी नै रहेको भए तापनि मणिपूरले ५,८७६ पुरानाका अतिरिक्त ३,२८२ वटा जस्ता कोठेबारे थपेको छ। आसमको सङ्ख्या पुराना र नयाँ क्रमशः ५९८ र ४१९ छ।

यो परियोजना अन्य परियोजनाजस्तै सर्वाव्यापी टीकाकरण कार्यक्रम तथा शौचालयहरूको निर्माणको (स्वच्छता अभियान) बिस्तारको रूपमा लिइएको छ। स्वस्थ राष्ट्र बन्नका लागि स्वस्थ बाल्यकाल तथा स्वस्थ मातृत्व पनि महत्वपूर्ण हुन्छ। देशको अधिकांश जनमानसबीच यी बुनियादी आवश्यकताहरूको कमी व्याप्त रहेको थियो भने सचेत उपायका रूपमा देशमा यसलाई उपलब्ध गराउन आवश्यक ठहर्दछ। स्वस्थकर खानपान हाम्रो जीवनशैली कै अङ्ग हुनुपर्दछ र यसमाथि अरू व्यापक ध्यान दिन आवश्यक छ। यस अभियानलाई सफल बनाउन परिवारका बुढा–पाका, पञ्चायतीराज संस्थान,स्कूल, आँगनवाडी कार्यकर्ता,स्थानीय नेतागण, सरकारी अधिकारीका साथै सञ्चार माध्यमलाई सामेल तथा संलग्न गर्न आवश्यक छ। (पीआईबी)

# अनलाइन बक्सिङ तालिम समाप्त




२० सितम्बरः खेलकुद तथा युवा मामिला विभागले आयोजन गरेको पहिलो अनलाइन बक्सिङ तालिम तथा प्रतियोगिताको समाप्त कार्यक्रम

आयोजन गरेको छ। कार्यक्रममा मुख्य अतिथिका रूपमा खेलकुद तथा युवा मामिला विभागका सचिव कुबेर भण्डारी उपस्थित रहनुभएको थियो भने विशिष्ट अतिथिमा सिक्किम अमेच्युर बक्सिङ सङ्घका अध्यक्ष तथा अर्जुन पुरस्कार विजेता जसलाल प्रधान रहनुभएका थिए। कार्यक्रममा राष्ट्रिय प्रशिक्षक तथा द्रोणाचार्य पुरस्कार प्रापक ब्लास इग्लेसिया फर्नाण्डिस, एसएआईका प्रशिक्षक रामानन्द र विजय कुमार तथा अन्तरराष्ट्रिय बक्सर तथा प्रशिक्षक हरदीप सिंह रहनुभएको थियो सचिव भण्डारीले सहभागी र राष्ट्रिय प्रशिक्षकहरूसँग अन्तरक्रिया गर्नुभयो। उहाँले युवा बक्सरहरूलाई प्रशिक्षण प्रदान गर्न दिएको बहुमुल्य समयको निम्ति आभार व्यक्त

रहल पृष्ठ ४मा....

# सिक्किममा पर्यटन व्यवसाय पुन शुरु गरिनेबारे बैठक सम्पन्न



कोभिड–१९ को कारण सिक्किममा पर्यटन व्यवसाय बन्द गरिएको थियो। पर्यटन व्यवसाय फेरि शुरु गर्नेबारे गत १८ सेप्टेम्बरको दिन गान्तोकस्थित सम्मान भवनमा मुख्यमन्त्री श्री प्रेमसिंह तामाङको आतिथ्यमा बैठक सम्पन्न भयो। उक्त बैठकमा पर्यटन एवं नागरिक उड्डान विभाग मन्त्री श्री बी.एस.पन्त, शिक्षा विभाग मन्त्री श्री कुङ्गा निमा लेप्चा, मुख्यमन्त्रीका राजनैतिक सचिव, सल्लाहकारगण, मुख्यमन्त्रीका सचिव, विभिन्न विभागका सचिव, राज्य कार्यदलका सदस्य, टूर अपरेटरका प्रतिनिधिगणको उपस्थिति रहेको थियो। बैठकमा पर्यटन विभागका अतिरिक्त सचिव श्री कपिल मिनाले राज्यमा पर्यटन व्यवसाय पुन शुरु गर्नको निम्ति तयार पारिएको मानक सञ्चालन प्रकृया अर्थात एसोपी अनि अन्य प्रोटोकलहरु पोवर पोइन्टमार्फत प्रस्तुत गर्नुभयो।

राज्यमा पर्यटन व्यवसाय शुरु गर्नको निम्ति पर्यटन हीतधारकहरुले पनि विभिन्न सुझाउहरु दिएका थिए। बैठकलाई सम्बोधन गर्नुहुँदै मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले कोभिड १९ अहिलेसम्म वैश्विक पर्यटन क्षेत्रले सामना गर्नुपरेको ठूलो चुनौती हो, राज्यमा पर्यटनको भूमिका अनि कोभिड–१९–को परिणाम राज्यको अर्थतन्त्रमा व्यापक रुपमा परेको छ भन्नुभयो। उहाँले राज्यमा पर्यटन व्यवसायलाई पुन शुरु गर्नको निम्ति राज्य सरकारद्वारा जारी गरिएका सुरक्षात्मक उपाय अनि निर्देशनहरु कढाइसाथ पाल्न गर्नुपर्ने निर्देश पनि दिनुभयो। उहाँले राज्यमा पर्यटन व्यवसाय पुनसञ्चालनको निम्ति पर्यटन विभागलाई विशिष्ट कार्य दल समिति गठन गर्ने सुझाउ पनि दिनुभयो।बैठकलाई सम्बोधन गर्नुहुँदै पर्यटन एवं नागरिक उड्डान विभाग मन्त्री श्री बी.एस.पन्तले कोभिड–१९ को कारण पर्यटन क्षेत्रले भोग्नु परेको चुनौतीहरु अनि नोकसानीहरुमाथि प्रकाश पार्नुहुँदै यो व्यवसायलाई पुनसञ्चालन गर्नको निम्ति विभागलाई सक्रिया रुपमा कार्य गर्ने कुरा पनि बताउँनुभयो। यसका साथै एस.सी. गुप्ताले पर्यटन विभागद्वारा तयार पारिएको एसओपीबारे प्रकाश पार्नुभयो।

### मुख्यमन्त्रीद्वारा गन्तव्य पूर्वोत्तर.....

हस्तशिल्प, पारम्परिक पोषाक तथा स्थानीय उत्पादहरूको परोक्ष प्रदर्शनी गरिनेछ। उदाउँदो रमणीय गन्तव्यहरू शीर्षक रहेको उक्त कार्यक्रमको उद्घाटन केन्द्रिय गृह मन्त्री श्री अमित शाह(पूर्वोत्तर परिषद्का अध्यक्ष)ले गर्नुभएको थियो भने केन्द्रिय पूर्वोत्तर क्षेत्र विकास (डोनर), प्रधानमन्त्री कार्यालय, कार्मिक एवं जनउजुरी, पेन्सन, आणविक ऊर्जा एवं अन्तरिक्ष राज्य मन्त्री (स्वतन्त्र प्रभार) डा. जीतेन्द्र सिंह यस अवसरमा विशेष अतिथिको रुपमा उपस्थित रहनुभएको थियो। गत वर्ष यो कार्यक्रम वराणसीमा भव्य रुपमा पालन गरिएको थियो भने यस वर्ष कोभिड–१९ को कारण साधारण रुपमा पालन गरियो। कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै श्री जितेन्द्र सिंहले केन्द्रीय मन्त्री, मुख्यमन्त्री र विभिन्न राज्यका अधिकारीहरुलाई धन्यवाद दिनुभयो। उहाँले उत्तरपूर्व क्षेत्रको अनुपम संस्कृति र परम्परा र आउँदो वर्षहरूमा भारतीय अर्थतन्त्रमा यसको महत्त्वको उल्लेख गर्नुभयो। उहाँले पूर्वोत्तर क्षेत्रबाट धैरै प्रेरणादायी कुराहरु रहेको साथै नयाँ भारत निर्माणमा महत्वपूर्ण भूमिका निर्वाह गर्न सकिनेछ भन्नुभयो।कार्यक्रममा केन्द्रिय गृह मन्त्रीले विगत ६ वर्षदेखि पूर्वोत्तर क्षेत्रलाई हरप्रकारको सहयोग पुऱ्याउने काम गरेकोमा श्री जितेन्द्र सिंहको प्रशंसा पनि गर्नुभयो। उहाँले यस क्षेत्रको प्रकृति र प्राकृतिक सौन्दर्य अन्य ठाउँहरुमा नपाइने र यही सौन्दर्य नै भारतको ताज रहेको उल्लेख गर्नुभयो। यहाँ स्थापित शान्ती र समृद्दि नै क्षेत्र प्रगतिको महत्वपूर्ण कारक हो भन्नुभयो। उहाँले गांधीनगरमा आयोजित कार्यक्रमको लागि आमन्त्रित पनि गर्नुभयो। कार्यक्रमको अन्तमा उहाँले व्यापक विकास परियोजनाहरुका लागि यस क्षेत्रमा सम्पर्क सुधार गर्ने विषयमा कुरा राखुनुभयो।

**पूर्वोत्तर क्षेत्रले के प्रदान गर्दछ :**

पर्यापर्यटन : पूर्वोत्तर क्षेत्र दुवै साहसिक तथा निष्क्रिय पर्यापर्टनका लागि उपयुक्त वन्यप्राणी निकुञ्ज/अभयारण्य, मनोरम दृश्य, झरना, वन आदि प्रदान गर्दछ। रिभर राफ्टिङ, ट्रेकिङ, रक क्लाइम्बिङ, ह्याङ ग्लाइडिङ आदि जस्ता साहसिक पर्यटनको अनुभवका अतिरिक्त पनि धैरै कुरा प्रदान गर्दछ।

**संस्कृति :** संस्कृति एउटा महत्त्वपूर्ण पक्ष हो जसमा चयनात्मक सांस्कृतिक पर्यटकहरू आकर्षित गर्ने व्यापक सम्भावना पूर्वोत्तर क्षेत्रमा छ। रहल भारत र पूर्वोत्तर क्षेत्रलाई छुट्याउने विविध साथै समृद्धि आदिवासी धरोहर एवं संस्कृति यहाँ पाइन्छ। अर्को ठूलो अन्तर दर्शाउने विषय यहाँको आठवटै राज्यमा पाइने विविधतापूर्ण कला एवं शिल्पकला। अन्य ठाउँको विपरीत यहाँ हस्तशिल्प दैनन्दिन जीवनको अंश हो। अर्को महत्त्वपूर्ण पक्षमा पर्यटक–सामुदायिक सांस्कृतिक अन्तरक्रिया बढाउन स्थानीय समुदायको सक्रिय सहभागिता पनि यस क्षेत्रमा पाइन्छ।

**धरोहर :** सहभागितामूलक पहलको परिणामस्वरूप यस क्षएत्रमा धरोहर पर्यटनले गति लिन थालेको छ जहाँ पर्यटकहरूले पुराना चिया बगान, स्मारक स्थलहरू आदि हेर्नुको साटो स्वयं सहभागी बन्नसक्छन्।

**तीर्थाटन :** यस क्षेत्रमा धैरै प्रतिष्ठित अनि पुराना धार्मिक स्थलहरू छन्, जसलाई तीर्थ यात्रीहरूको हितमा राष्ट्रिय पर्यटन परिचक्रमा एकिकरण गरिएको छ।

**कारोबार :** आकर्षक प्राकृतिक परिवेशका साथै निर्गमी कारोबारी बैठकहरूको बढ्दो प्रवृत्तिलाई ध्यानमा राख्दा, पर्यटन क्षेत्रका लागि पूर्वोत्तर क्षेत्रले कारोबारको प्रचुर अवसर प्रदान गर्दछ। घरेलु साथै अन्तरराष्ट्रिय सम्पर्क साधन, उच्च स्तरीय होटल, सम्मेलन केन्द्र, रेसर्ट आधारित सम्मेलन सुविधा आदिले यस क्षेत्रको विस्तारमा व्यापक योगदान दिएको छ।

# पोषण अभियानमाथि पीआइबी गुवाहाटीद्वारा वेबिनार आयोजित

गुवाहाटी, २३ सेप्टेम्बर, २०२०। कम ओजनको शिशु जन्म, किशोरीहरूका साथै गर्भवती महिला, स्तनपान गराउने आमाका साथै बाल–बालिकामा अल्पपोषणमाथि पोषण अभियानले विशेष ध्यान केन्द्रित गर्दछ। देशव्यापी रूपमा तेस्रो राष्ट्रिय पोषण महिना पालन गरिँदैछ। यस महामारीको स्थितिमा पोषण तथा स्वास्थ्यबारे जागरूकता फैलाउने उद्देश्यका साथ पीआइबी गुवाहाटीद्वारा पोषण अभियानमाथि वेबिनार आयोजन गरियो।

वेबिनारमा बोल्दै आसम कृषि विश्वविद्यालय, जोरहाटको खाद्य विज्ञान एवं पोषण विभागका प्रमुख एवं प्रोफेसर डा. प्रणति दासले बलियो प्रतिरोधक क्षमता नै कोभिड–१९ विरुद्ध उत्तम सुरक्षा उपाय रहेको बताउँदै प्रतिरोधक तन्त्रले सामान्य रूपमा काम गरे कोभिड–१९ जस्ता सङ्क्रमणको पत्तो पनि नपाउने बताए। पोषण अनि प्रतिरोध क्षमताबारे बोल्दै जीवनको हरेक चरणमा स्वास्थ्य साथै आरोग्यताको निम्ति पोषण आवश्यक रहेको डा. दासले बताइन्। सुस्वस्थ रहन सन्तुलित भोजन आवश्यक रहेको र यसमा ताजा साग–सब्जीका साथै फल–फूल हुन जरुरी रहेको उनले जानकारी दिइन्। कोभिड–१९ को स्थितिमा मानिसहरू आफ्नो स्वास्थ्यबारे बढी चिन्तित रहने गरेको र सुस्वास्थ्यका लागि भिटामिन चक्कीहरू लिने गरे तापनि यस्ता अनुपूरकलाई सन्तुलित भोजनको विकल्प मान्न नसकिने अवगत गराइन्। आसमको पोषण अभियानका एसपीएमयु हरगोविन्द बोडोले राज्यमा चलाइएको पोषण अभियानबारे विस्तृत जानकारी दिए। पोषण अभियान कुपोषणको दुष्चक्रलाई सम्बोधित गर्ने योजनाबद्ध पहल रहेको चर्चा गर्दै देशको विकास अनि वृद्धिलाई बाधित गर्ने कुपोषण एउटा ठूलो चुनौती रहेको र सरकारले कुपोषणको यिनै समस्यालाई सम्बोधित गर्न पोषण अभियान कार्यान्वयन गरिरहेको उनले जानकारी दिए। पीआइबी गुवाहाटीका संयुक्त निर्देशक सम्राट बन्धोपाध्यायले आफअनो स्वागत सम्बोधनमा पोषण अभियान भारत सरकारको ६ वर्षसम्मका बच्चाहरूका साथै किशोरी, गर्भवती महिला तथा स्तनपान गराउने आमाहरूको पोषण स्थितिमा सुधार ल्याउने पहल रहेको बताए। पीआइबी गुवाहाटीका उपनिर्देशक पल्लव चक्रवर्तीले अन्त्यमा धन्यवाद प्रस्ताव पेश गरे भने क्षेत्र प्रदर्शनी अधिकारी श्रीमती हीरामणि दासले वेबिनारको समन्वयन गरिन्।

यस वेबिनारमा पीआइबी तथा एफओबी, पूर्वोत्तर क्षेत्रका अधिकारीहरू लगायत आसम कृषि विश्वविद्यालयका विद्यार्थी तथा पूर्वोत्तर क्षेत्रका पत्रकारहरू गरी करिब ६० जनाले सहभागिता जनाए। (पीआइबी)

### सिक्किम विधानसभाको .....

अस्पतालका सहायक नर्सिङ अधिक्षक स्व.बसन्ती सुन्दासको १८ सेप्टेम्बरको दिन निधन भएकोमा शोक प्रकट गर्नुभयो। कोरोना भाइरसको कारण मृत्यु हुने पहिलो स्वास्थ्यकर्मी श्रीमती सुन्दास रहेको मुख्यमन्त्रीले बताउँनुभयो। उहाँले शोकाकूल परिवारजनप्रति सम्वेदना पनि प्रकट गर्नुभयो। यस अतिरिक्त मुख्यमन्त्रीलो कोरोना भाइरसको कारण मृत्यु हने राज्यका सबै व्यक्तिहरुको स्मरणमा शोक प्रकट गर्नुभयो। सदनले दिवाङ्गत आत्माहरु चीर शान्तिको निम्ति दुई मिनटको मौन धारण पनि गरियो।

सिक्किम विधानसभाको सत्रमा वित्तीय विभागका प्रभारी एवं मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले वित्त वर्ष २०२०–२१ को निम्ति पहिलो अनुपूरक अनुदान माग प्रस्तुत गर्नुभयो। अनुपूरक मागमा कूल अतिरिक्त खर्च रू ४५१२३,६३ लाख छ भने यसमा रू २५४२२.०२ लाख राजस्व खाता र रू १९७०१.६१ राख पुञ्जी खाता संलग्न छन्। उक्त अनुदान माग सभाले पारित गरियो। सभामा दुईवटा नयाँ विधेयकहरु–६ वटा संशोधन विधेयकहरु अनि एउटा विनियोग विधेयक पनि पारित गरियो। यस अतिरिक्त मुख्यमन्त्री प्रेमसिंह तामाङले सिक्किम फिस्कल रेस्पोन्सिबिलिटी एण्ड बजेट मेनेज्मेण्ट(एमेण्डमेन्ट) विधेयक(२०२०–को ११) पेश गर्नुभयो। उक्त विधेयक पनि सर्वसम्मतिले पारित गरियो। विधानसभामा शहरी विकास विभाग प्रभारी मन्त्री श्री अरुण उप्रेतीले पेश गर्नुभएको सिक्किम म्युनिसिप्लालिटी(संशोधन) विधेयक, शिक्षा विभाग मन्त्री श्री कुङ्गा निमा लेप्चाले पेश गर्नुभएको कञ्चनजङ्घा बुद्धिस्ट विश्वविद्यालय पनि पारित गरियो। यसरी नै श्रम विभागका पक्षमा मुख्यमन्त्रीले सिक्किम अत्यावशक सेवा देखभाल(संशोधन)विधेयक पेश गरिएको थियो भने उक्त विधेयक पनि सर्वसम्मतिले पारित गरियो। विशेष गरी राज्यका फार्मासिउटिकल उत्पादनको निर्वाध उत्पादन–प्याकजिङ–वितरण–परिचालनलाई शीघ्रता प्रदान गर्नु उक्त विधेयकको मुख्य उद्देश्य रहेको थियो। सदना मुख्यमन्त्री तथा वित्तीय प्रभारी मन्त्री श्री प्रेमसिंह तामाङले सिक्किम गुड्स एण्ड सर्भिस ट्याक्स(जीएसटी)संशोधन विधेयक प्रस्तुत गर्नुभएको थियो भने उक्त विधेयक पनि पारित गरियो। यसरी नै परिवहन विभागका प्रभारी मन्त्री श्री सञ्जीत खरेलले प्रस्तुत गर्नुभएको सिक्किम मोटर भिकल ट्याक्सेसन(संशोधन), विधेयक पनि पारित गरियो। वाहन कर दाताहरुले १ अथवा ५ वर्षको निम्ति एकमुष्ट कर भुक्तान गर्दा छूटको प्रावधान नै उक्त विधेयकको मुख्य उद्देश्य रहेको छ। यसरी नै शिक्षा विभाग मन्त्री श्री कुङ्गा निमा लेप्चाले बोर्ड अप् ओपन स्कूलिङ एण्ड स्किल एजुकेशन विधेयक, वन विभाग मन्त्रीले पेश गर्नुभएको सिक्किम वन, जलमार्ग, सडक सुरक्षा(सुरक्षण र सुरक्षा) संशोधन विधेयक, मुख्यमन्त्री तथा वित्त प्रभारीले पेश गर्नुभएको सिक्किम विनियोजन विधेयक(वित्त वर्ष २०२०–२१)को निम्ति पहिलो अनुपूरक अनुदान पनि सभाले पारित गरियो। सभामा मुख्यमन्त्रीले मार्च २०१९ वर्षदेखिको भारतको नियन्त्रक अनि महालेखा परिक्षकको अडिट रिपोर्ट पेश गर्नुभयो।

सदनमा मुख्यमन्त्रीले सिक्किम विधानसभा अध्यक्ष, उपाध्यक्ष, विधानसभा सदस्यगण, मुख्य सचिव, विभिन्न विभागका विभागप्रमुख, प्रहरी अधिक्षकलाई पनि सदनमा उपस्थितिको निम्ति धन्यवाद दिनुभयो। यस अतिरिक्त सिक्किम विधानसभा अध्यक्षले कोभिड–१९ महामारीलाई ध्यानमा राखेर एकै दिनमा यो सत्र समाप्त गरिदिएबापत सबै सदस्यहरुप्रति आभार प्रकट गर्नुभयो।

### अनलाइन बक्सिङ ...

गर्नुभयो। अनलाइन बक्सिङ तालिम तथा प्रतियोगितामा अण्डर १४ पुरूष तथा महिला वर्गमा ७७ जना खेलाड़ी सहभागी भएका थिए। बक्सिङ प्रशिक्षक प्रतिमा गुरुङको मार्गदर्शनमा खेलाड़ीहरूलाई प्रशिक्षणआ प्रदान गरिएको थियो। राष्ट्रिय प्रशिक्षकले पनि खेलाड़ीहरूलाई प्रशिक्षण प्रदान गर्न अनलाइन सत्र आयोजन गर्नुभयो।

महिला वर्गमा आशिरा सिंह लोहार, कञ्चन लिम्बू र युना लिम्बूले क्रमैले पहिलो, दोस्रो, र तेस्रो स्थान ओगट्न सफल भएका थिए भने पुरुष वर्गमा समीर लिम्बु, अनमोल राई र सरोज छेत्रीलाई क्रमैले पहिलो,दोस्रो र तेस्रो स्थान प्रदान गरिएको छ।

सिक्किम सरकारको सूचना तथा जन–सम्पर्क विभागद्वारा प्रकाशित तथा सिक्किम सरकारी छापाखाना तादोङ गान्तोकमा मुद्रित। दूरभाषः २३११४०,२३११३२,२३११४२।
S.G.P.G - 371 / Nepali Herald 2500 Cps 25.09. 2020